# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७५/७६ मिति: २०७५/१२/२९

च.नं.

विषय: लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**(संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय)**

पत्र संख्या: २०७५।०७६
च.नं.:

मिति:२०७५।१२।१५

विषय:**लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू
याङवरक गाउँपालिका
थर्पु, पाँचथर ।

यस कार्यालयबाट याङवरक गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.५७ लाख २४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.११ लाख ११ हजार, नियमित गर्नुपर्ने रु.१८ लाख ८३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२२ लाख ५१ हजार र पेश्की रु.४ लाख ७९ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५/११/३ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्योट नभई कायम व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना १६ (सोह्र) यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

**याङवरक गाउँपालिका, पाँचथर**
**लेखापरीक्षण प्रतिवेदन**
**२०७४।०७५**

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्दतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारीता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाँउपालिकाको उद्देश्य रहेको छ । प्रदेश नं १ अर्न्तगतको यस गाँउपालिका अर्न्तगत६वडा ३४ जना गाउँसभा सदस्य, २०८.६३वर्ग किलोमिटर क्षेत्रफल तथा १८ हजार २८९जनसंख्या रहेको छ ।

**स्थानीय संचितकोष:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिमयाङवरकगाँउपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालन भएका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७४।७५ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

| आयतर्फ | | | व्ययतर्फ | | |
|---|---|---|---|---|---|
| **क.सं.** | विवरण | जम्मारकम | **क.सं.** | विवरण | जम्मारकम |
| १ | **गतबर्षको जिम्मेवारी** | | १ | **चालु खर्च** | |
| | क) नगद | १५४,८००.०० | | क)समानिकरण | ३२,९००,२६३.०० |
| | ख) बैंक | ५,५५०,९२३.२० | | ख) सशर्त | ९३,५२९,९१३.०० |
| | घकर्मचारी कल्याण कोष) | २५४,९२९.०० | | ग) आन्तरिक | २,१३३,८८०.०० |
| २ | **राजश्व (आन्तरिक आय)** | | २ | **पुँजीगत खर्च** | |
| | क) आन्तरिकराजश्व | ३,५४३,४९९.३९ | | क)समानिकरण | ११४,८०९,६५९.६६ |
| | ख) बेरुजुअसूली | ५५,०५०.०० | | ख) सशर्त | २,३८५,०००.०० |
| | ख) अन्य आय (गतको मौज्दात) | ४४०,५३७.४६ | ३ | **वित्तियव्यवस्था भुक्तानी** | |
| ३ | **वित्तियहस्तान्तरण (संघिय )** | | ४ | **लगानी** | |
| | क) वित्तियसमानिकरण अनुदान | १५५,१७२,०००.० | **५** | **अन्तरस्थानीय तह** | |
| | ख) सशर्तअनुदान | १००,०३७,०००.० | | क) हिलिहाङसशर्त फिर्ता | २९६,५००.०० |
| ४ | **प्रदेश सरकार** | | ६ | **विषयगतनिकायबाट प्राप्त** | |
| | क) सशर्तअनुदान | २,०००,०००.०० | | क) जेष्ठ नागरिक दीर्घसेवा | २४,३७१,६००.०० |
| ५ | **अन्तरस्थानीय तहबाट प्राप्त** | | | ख) स्थानीय शासन | १,०६०,०००.०० |
| | मिक्लाजुङ गापाअनुदान फिर्ता | २९५,५८०.०० | | ग) बहुक्षेत्रिय पोषण | १,१२२,२००.०० |
| ६ | **वित्तियव्यवस्था प्राप्ति** | ० | ७ | **अन्यनिकायबाट प्राप्त** | |
| ७ | **विभिन्नकोषतर्फको आय** | ० | | ग) झोलुङ्गे पुल | १६८,०००.०० |
| | क) कर्मचारी कल्याण कोष | २००,०००.०० | | घ) सा- स्वा.सं.अनुदान | १५०,०००.०० |
| ८ | जनसहभागिता (नगद) | ० | | ङ) सवारी दुर्घटना बीमा | २१,५००.०० |
| | क) विद्युत पोल खरिद | १५०,०००.०० | | च) बेरुजुदाखिला | २०२,८००.०० |
| ९ | **विषयगतनिकायबाट प्राप्त** | ० | ८ | **जनसहभागिता (नगद)** | |
| | क) जेष्ठ नागरिक दीर्घसेवा | २४,९५८,८००.०० | | क) विद्युत पोल खरिद | १५०,०००.०० |
| | ख) स्थानीय शासन | १,०६०,०००.०० | ९ | धरौटीफिर्ता | |
| | ग) बहुक्षेत्रिय पोषण कार्यक्रम | १,१२२,२००.०० | | क) धरौटीखाता | ६८६,२००.०० |
| १० | **धरौटीआय** | | १० | **विभिन्नकोषतर्फको खर्च** | |
| | क) धरौटी प्राप्ति | ९६२,४७५.०० | | क) कर्मचारी क.कोष | ३१३,१५६.०० |
| ११ | **अन्यनिकायबाट प्राप्त** | | ११ | **को.ले.नि.का.निकासा फिर्ता** | |
| | क) Post ODF कार्यक्रम | १५०,०००.०० | | क) सशर्त अनुदान | ५,१६०,३९०.०० |
| | ख) NLR कार्यक्रम | ३४९,९७०.०० | १२ | **मौज्दात** | |
| | ग) झो. पु.पारिश्रमिक | १६८,०००.०० | | ख) बैंक मौज्दात | १६,९१८,१५४.३९ |
| | घ) सामुदायिक स्वास्थ्य अनुदान | १५०,०००.०० | | ग)कर्मचारी कल्याणकोष | १४१,७७३.०० |
| | ङ) सवारी दुर्घटना बीमा दाबी | २१,५००.०० | | घ) धरौटी बाँकी | २७६,२७५.०० |
| १२ | **अन्यविविध आय ख ६ खाता** | | | | |
| | **जम्मा** | **२९,६७,९७,२६४.०५** | | **जम्मा** | **२९६,७९७,२६४.०५** |

| दफा नं. | लेखापरक्षिणवाट देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|
| | उल्लेखित कारोवारको लेखापरीक्षण समष्टिगत लेखापरीक्षण योजना, इकाईगत लेखापरीक्षण योजना, गाँउपालिकाले पेश कागजात, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्य क्षेत्रको लेखापरीक्षण गर्नुपर्ने विद्यमान अवस्था, कारोबारको जटिलता, सम्पूर्ण आर्थिक कारोबारको कानूनी बैद्यता परीक्षणमा कठिनाई जस्ता सिमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०४८ को दफा ३ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार अन्तर्गत तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित लेखापरीक्षणका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । | |
| १ | **खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकीय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ को आय व्ययको प्रक्षेपण २०७४ भदौ ३१ मा सभावाट स्वीकृत भएको छ ।ऐनको उल्लिखित व्यवस्था अनुसार गाँउ प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई र प्रमुख प्रशासकीय अधिकृतले वडा सचिवहरुलाई अख्तियारी दिएको पाइएन । | |
| २ | **वजेट पेश गर्ने तथा पारित गर्ने:** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय-व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय-व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ मसान्त भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । यस गाँउपालिकामा गाँउसभाले चालु आर्थिक वर्षको आय-व्ययको अनुमान र आगामी आर्थिक वर्षमा संचालन हुने योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानीत विवरण २०७४ आषाढ १० भित्र सम्पन्न गर्नुपर्नेमागाँउपालिकाले २०७४ भदौ ३१गते मात्र स्वीकृत गरेको छ । अगामी आर्थिक वर्षको आय-व्ययको अनुमान कानूनले तोकेको समयावधि भित्र सम्पन्न गर्ने व्यवस्था तर्फ ध्यानाकर्षण गरिएको छ । | |
| | यस वर्ष गाँउसभाले प्रस्तावित गरेको वजेट स्थिति : | |

| सि.नं. | शिर्षक | रकम |
|---|---|---|
| १ | आन्तरिक स्रोत तथा राजस्व बाँडफाँड | ५६१५०६०.०० |
| २ | गत वर्षको नगद मौज्दात | ५२८२२९०.०० |
| ३ | वित्तिय समानीकरण अनुदान | १५५१७२०००.०० |
| ४ | सर्शत अनुदान | ११६६३७०००.०० |
| ५ | अन्य (जनसहभागिता, अन्य निकाय समेत) | ८३०४२२०.०० |
| | **कुल आय** | **२९१०१०५७०.००** |

| दफा नं. | लेखापरक्षिणवाट देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|
| २.१ | गाँउपालिकाले मिति २०७४।५।३१ मा आर्थिक वर्ष २०७४।७५ को सभाको बैठकवाट पारित भएको कूल वजेट रु. २९ करोड १० लाखको आय व्ययको अनुमान वमोजिम सशर्त अनुदानवाट संचालित कार्यक्रम रु.९ करोड ३ लाख ८६ हजार, चालुखर्च रु. ५ करोड १७ लाख र पूँजीगत खर्च रु. १४ करोड ८८ लाखको अनुमान छुट्याई सोही मितिमा अख्तियारी दिएको छ । साथै सामाजिक सुरक्षा तर्फ २ करोड ६५ लाखको अनुमान गरेको छ । | |
| २.२ | गाउँपालिकाले गत वर्ष कर्मचारी कल्याण कोषको स्थापना गरेको छ । जसको आम्दानी खर्च र बाँकीको विवरण निम्नानुसार रहेको छ । स्थापना गरेका कोषहरुमा सञ्चित कोषबाट रकम विनियोजन गरेको छ । तर उक्त कोषको सञ्चालनको लागि छुट्टै खाता खोलेको छैन । कोष स्थापना गर्नको लागि कोष सञ्चालन कार्यविधि तयार गरेको छैन । कार्यविधि तयार गरी कोष व्यवस्थित रुपमा सञ्चालन गर्नुपर्दछ । | |

| दफा नं. | लेखापरक्षिणवाट देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|

| क्र.सं. | विवरण | जिम्मेवारी | आम्दानी | जम्मा | फिर्ता। खर्च | बाँकी |
|---|---|---|---|---|---|---|
| १ | कर्मचारी कल्याण कोष | २५४९२९ | २००००० | ४५४९२९ | ३१३१५६ | १४१७७३ |

| | | |
|---|---|---|
| ३ | **श्रोत अनुमान तथा वजेट सिमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्यनमा ल्याएता पनि ठुला पूर्वाधार क्षेत्रलाई वजेटको प्राथमिकतामा नराखेको देखिन्छ । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा वजेट व्यवस्थापन गरी आगामी दिनमा कार्यान्वयनमा ल्याउन कार्यक्रमलाई छनौटमा राखिनु पर्दछ । वजेट तथा श्रोतको प्राथमिकता तयार गरी योजना कार्यान्वयनमा ल्याउन आवश्यक छ । | |
| ४ | **आन्तरिक आम्दानी :** पालिकाले पेश गरेको आय व्ययको अनुमानमा आन्तरिक आय तर्फ कर, सेवा शुल्क, दस्तुर, सहभागिता, अन्य आय वापत अनुमानित रु. लाख आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७४।७५ मा रु. ३८५२५६६।३९ अर्थात अनुमानको तुलनामा उल्लेख्य मात्रामा आय प्राप्त गरेको छ । सो रकम बैंकबाट प्राप्त व्याज आम्दानी रु.१०६५२१८।३५ समेत संलग्न रहेको छ । आयको अनुमान र वास्तविक प्राप्ति बीच धेरै फरक परेको कारण पहिचान गरी तथा वास्तविक श्रोतको यथार्थता निराकरण गरी आय आर्जन गर्ने तर्फ ध्यान दिन आवश्यक देखिएको छ । | |
| ४.१ | वडागत आन्तरिक आम्दानीको विवरण निम्नानुसार रहेको छ । वडा कार्यालयहरुले शिर्षकगत आम्दानीको अभिलेख विवरण राखेको छैन । त्यसैगरी गाउँपालिकाले पनि सम्पूर्ण वडाहरुको विवरण लिई आन्तरिक आम्दानीको एकीकृत विवरण तयार गरेको छैन । अतः सम्पूर्ण कारोबारको विवरण खुल्ने गरी एकीकृत विवरण तयार गर्नुपर्दछ । | |
| ४.२ | आन्तरिक आम्दानीको लागि वडा सचिवहरुलाई रसिद दिई सो को आधारमा आम्दानी बाँध्ने गरेको पाइयो । गाउँपालिकाले रसिद नियन्त्रण खाता राखी वर्षको शुरुमा रसिद उपलब्ध गराएको भएतापनि वर्षान्तमा बाँकी रहेका रसिदहरु गाउँपालिकामा फिर्ता गरेको वा रद्द गरेको पाइएन । वर्षान्तमा रसिद फिर्ता वा रद्द नगर्दा सोको दुरुपयोग हुन सक्ने तर्फ गाउँपालिका सर्तक रहनुपर्दछ भने रसिदलाई नियन्त्रणलाई व्यवस्थित गर्नुपर्दछ । | |
| ४.३ | गाउँपालिका केही वडाहरुले रसिद मार्फत प्राप्त नगद राजस्व समयमै दाखिला गर्ने गरेको पाइएन । उदाहरणको लागि वडा नं. २ ले वर्षभरिमा २ पटक गरी रु. ४ लाख जम्मा गरेको छ । त्यसैगरी वडा नं. ३ ले वर्षान्तमा रु.६१७१८०।- राजस्व दाखिला गरेको छ । लामो समयसम्म नगद साथमा लिई राख्ने वडा सचिवहरुलाई जिम्मेवार वनाई समयमै राजस्व रकम बैंक दाखिला गर्नेतर्फ गाउँपालिकाको ध्यान जानुपर्दछ । | |
| ४.५ | गाउँपालिकाले आन्तरिक आम्दानी बढाउनको लागि पार्क, खेलमैदान, कर्भडहल, भ्यू टावर, मनोरन्जन स्थल, साहसिक पर्यटकीय स्थलहरुको पहिचान एवम् निर्माण जस्ता क्षेत्रहरुको पहिचान गर्नुपर्दछ । आन्तरिक आय नै स्थानीय तहको स्थायित्वको आधार स्तम्भ भएको हुँदा नयाँ स्रोतहरुको खोजी गर्दै स्थानीय जनतालाई बोझ नहुने गरी आन्तरिक आयको आंकलन र संकलन गर्नुपर्दछ । त्यसतर्फ गाउँपालिकाको ध्यान जानुपर्दछ । | |
| ५ | **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाँउपालिकाले आन्तरिक नियन्त्रण सम्वन्धि निर्देशिका तयार गरेको छैन । नियन्त्रण प्रणालीको अभावमा आर्थिक कारोबार सम्पादन र वित्तीय प्रतिवेदनलाई विश्वसनीय बनाउने कार्यमा बाधा पर्ने देखिन्छ ।कार्यलाई प्रभावकारी, नियमित र दक्षतापूर्ण ढंगवाट सम्पादन गरी उत्तम नतिजा लिन तत्काल आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धि निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । गाँउपालिकाको आन्तरिक नियन्त्रण प्रणाली परीक्षण गर्दा निम्नानुसार | |

| दफा नं. | लेखापरिक्षणवाट देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|
| | देखिएको छः | |
| | • समायोजन भई आएका साविकका गा.वि.स. र विषयगत कार्यालयबाट हस्तान्तरण भई आएका जिन्सीको अवस्था देखिने गरी विवरण तयार गरेको भएपनि सो विवरण पूर्ण रहेको छैन ।<br>• मूल जिन्सी खातामा सबै जिन्सी सामानको आम्दानी नजनाई वडागत रुपमा जिन्सी खाता तयार गरेबाट जिन्सी सामान एकिन गर्न तथा अभिलेख राख्न कठिन हुने देखिन्छ ।<br>• कतिपय कारोबारहरु मूल्य अभिवृद्धि कर बेगरका फर्मसँग गरेको छ ।<br>• गाँउपालिका क्षेत्र भित्र कोष प्रमाणित तथा भ्रमण प्रतिवेदन बेगर अनुगमन तथा दैनिक भ्रमण भत्ता खर्च लेखेको छ ।<br>• मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई राखेको छैन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम बार्षिक खरिद योजना तयार गरेको छैन ।<br>• चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम चौमासिक रुपमा लक्ष्य तोकी बजेट विनियोजन गरेको छैन ।<br>• सुशासन सञ्चालन (कार्यविधि नियमावली), २०६५ मा हरेक सार्वजनिक निकायले नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्ने व्यवस्था रहेकामा त्यस्तो संयन्त्र तर्जुमा गरेको पाइएन ।<br>• आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी भुक्तानी भएको जनाउने छाप लगाउने गरेको पाइएन ।<br>• भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ बमोजिम भ्रमण अभिलेख खाता राखेको पाइएन । साथै भ्रमणमा जानेबाट भ्रमण प्रतिवेदन लिने गरेको समेत देखिएन ।<br>• समयमै पेश्की फछ्र्यौट हुने गरेको पाइएन ।<br>• गाँउपालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरेको छैन । | |
| ६ | **आन्तरिक ऋण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ बमोजिम गाँउपालिकाले वित्त आयोगको सिफारिसमा सम्वन्धित सभावाट स्वीकृत गरी उत्पादनशील, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । यस गाउँपालिकाले कुनै ऋण रकम लिएको पाइएन । | |
| ७ | **स्थानीय तथ्यांक र अभिलेख** : स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ११ वमोजिम गाँउपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| ८ | **योजना छनौट र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । गाँउसभाबाट स्वीकृत बार्षिक गाँउ विकास योजना २०७४।७५ को अध्ययन गर्दा गाँउपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । दिगो रुपमा विकास हुने गरी योजनाहरुको प्राथमिकीकरण गरेर मात्र आवश्यक योजनामा खर्च गर्नुपर्दछ । | |
| ९ | **लक्ष्य प्रगतिको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रीय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार गरेको छैन । प्रगति प्रतिवेदन तयार गाँउेको हुँदा गाँउपालिकाको वार्षिक लक्ष्य प्रगतिको मूल्यांकन गर्न सकिएन । अतः तोकिए बमोजिम प्रगति प्रतिवेदन तयार गर्नुपर्दछ । न्यून प्रगतिको | |

| दफा नं. | लेखापरक्षिणवाट देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|
| | कारण पत्ता लगाई आगामी दिनमा शत प्रतिशत प्रगति हासिल गर्ने तर्फ गाँउपालिकाले पहल गर्नुपर्ने देखिन्छ । | |

| सि.नं. | कार्यक्रम | वजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | समानीकरण अनुदान (राजस्व र प्रदेश समेत) | १५५१७२००० | १४७७०९९.२२ | ९५ |
| २ | सशर्त अनुदान | १०२३३२५८० | ९६२११४१३ | ९४ |
| ३ | लाईन आईटम वजेट (चालु) | २७८५१००० | २७१६८००० | ९७ |

| दफा नं. | लेखापरक्षिणवाट देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|
| १० | **योजनागत लक्ष्य प्रगति :** गाँउपालीकाको २०७४।५।२२ को सभावाट आर्थिक वर्ष २०७४।७५ मा आन्तरिक श्रोत तथा वित्तिय समानीकरण अनुदान समेतवाट ६ वडामा गाँउस्तरिय तथा वडा स्तरिय योजना (आर्थिक । सामाजिक । पूर्वाधार । प्रकोप । लक्षित वर्ग ) निर्धारण गरेकोमा निम्न स्थिति देखिन्छ । | |

| योजनाको विवरण | संख्या |
|---|---|
| जम्मा योजना | ४६३ |
| सम्झौता भएका योजना | ४५७ |
| सम्झौता नभएका योजना | ६ |
| सम्पन्न भएका योजना | ४५६ |
| क्रमागत योजना | - |
| पेश्की वाँकी योजना | १ |

**सम्झौतानभएका आयोजनाहरु**

| योजनाको नाम | विनियोजन भएको रकम |
|---|---|
| आदिवासी जनजाति भवन मर्मत सम्भार | १५०००० |
| कुवापानी ढाडेगाउँ चिवा भन्ज्याङ सडक डिपीआर | ५०००० |
| कुवापानी सूर्यप्रभात आ वि लामद्वाली सडक डिपीआर | १००००० |
| दलित भवन निर्माण | ६०००० |
| हुलाक भवन मर्मत | २०००० |
| मेदिवुङ थर्पु वजार सिसिटीभि जडान | १०००००० |

विस्तृत अध्ययन नगरी योजना छनौट गरिनू र सम्झौता हुन नसक्नूले संस्थाको कार्यसम्पादन स्थिति कमजोर हुन पुग्दछ । तसर्थ योजना समयमै सम्पन्न गर्ने र आवश्यकताको आधामा पहिचान गरी कार्यान्वयनमा ल्याउन विशेष ध्यानाकर्षण गरिएको छ ।

| दफा नं. | लेखापरक्षिणवाट देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|
| ११ | **बैंक हिसाब:** कार्यालयको खाता हिसाव र बैंक हिसाव एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्षको अन्तिम मौज्दात रु.१७३३६२०२।३९ कायम गरेको छ । यस वर्ष नगद मौज्दात रहेको छैन । वर्षान्तमा साटिन बाँकी चेकको विवरण खुल्नेगरी कार्यालयले बैंक हिसाव विवरण तयार गरेको छ । | |
| १२ | **जिम्मेवारी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ बमोजिम आय व्यय ठिकसँग भएको र लेखांकन गरेको कुरामा विश्वस्त हुनुपर्ने र घटी जिम्मेवारी सार्न नहुने व्यवस्था छ । गाँउपालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा गाँउपालिकाको बैंक मौज्दात रु.६०८३५२५।२१उल्लेख गरेकोमा यस वर्ष गाँउपालिकाले तयार गरेको आय विवरणमा रु.५९६०५६२।२० जिम्मेवारी सारी रु.१२२९६३।०१ घटी जिम्मेवारी सारेको छ । साविक च्याङथापु गाविसको माछापुच्छ्रे बैंकमा रहेको प्रकोप व्यवस्थापन खाता तर्फको रु.१०२४४८।- बाँकी रहेको र रु.२०५१५।०१ अन्य गाविसको खाताबाट आर्थिक वर्ष २०७५।७६ मा आन्तरिक आम्दानीमा जम्मा भएको गाउँपालिकाले जनाएको छ । अतः माछापुच्छ्रे बैंकमा रहेको खाता बन्द गरी उक्त रकम गाउँपालिकाको खातामा आम्दानी बाँध्नुपर्ने रु... | १,०२,४४८/- |
| १३ | **पूँजीगत चौमासिक खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजि स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिर(क कार्यक्रम तथथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छः | |

| दफा नं. | लेखापरक्षिणवाट देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|

| क.सं. | ब.उ.शि.नं. | कूल खर्च | कुल खर्च | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १ | पूँजीगत | ११५७९४ | ०० | १६८५२ | ९८९४३ | ४०९३३ |
| | **प्रतिशत** | **१००** | **०** | **१५** | **८५** | **३५** |

| | | |
|---|---|---|
| | तालिका अनुसार कुल खर्चमध्ये प्रथम चौमासिकमा खर्च नभएको, दोश्रो चौमासिकमा १५ प्रतिशत र तेस्रो चौमासिकमा ८५ प्रतिशत खर्च भएको देखिन्छ । यसैगरी कुल खर्चको ३५ प्रतिशत खर्च आषाढमा भएको देखिन्छ । यसरी यस गाँउपालिकाको कुल बजेट खर्च मध्ये अधिकांश बजेट खर्च अन्तिम चौमासिक र त्यसमध्ये पनि आषाढ महिनामा भएको देखिन्छ। जसले गर्दा समय अभाव, तथा वर्षातको कारणले गुणस्तर युक्त कार्य हुन नसक्ने अवस्था सिर्जना हुने भएकाले अन्तिम चौमासिक र आषाढ महिनामा मात्र अधिकांश बजेट खर्च गर्ने प्रवृतिमा सुधार गर्नुपर्ने देखिन्छ। | |
| १४ | **कर्मचारी व्यवस्था :**निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ ।गाँउपालिकाबाट प्राप्त विवरण अनुसार २९ जना कर्मचारीको दरवन्दी रहेकोमा संघीय सरकारबाट सरुवा भई ६ जना, साविक स्थानीय निकायमा कार्यरत २ जना गरी ८ जनाको स्थायी पदपूर्ति भएको छ । गाउँपालिकाले इन्जिनियर १, सव इन्जिनियर १, कम्प्यूटर अपरेटर १ र कार्यालय सहयोगी ११ गरी १४ पद आन्तरिक रुपमा पूर्ति गरेको छ। आन्तरिक पूर्ति पश्चात समेत ५ पद रिक्त नै छन् । दुई वटा वडा सचिवको पद रिक्त रहेको छ। नागरिकहरुसँग प्रत्यक्ष रुपमा दैनिक सेवा प्रदान गर्ने गाँउपालिकामा स्थायी कर्मचारी अभाव हुँदा सेवा प्रवाहमा नकारात्मक असर पर्ने हुँदा तत्काल पदपूर्ति गर्नेतर्फ सम्वन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ। | |
| १५ | **आन्तरिक लेखापरीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यबस्था रहेकोमा गाँउपालिकाले २०७४।७५ को आय व्यय कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छ । यस गाउँपालिकाको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयले गरेको छ। आन्तरिक लेखापरीक्षण प्रतिवदेन २०७५।६।२४ मा पेश भएको छ। आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा कुनैपनि व्यहोरा उल्लेख गरेको छैन। | |
| १६ | **विद्युतीय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराई सबै गाँउपालिकाहरुले Sub-National Treasury Regulatory Application (SuTRA)प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था भएतापनि गाँउपालिकाले उक्त प्रणालीमा लेखा स्रेस्ता अद्यावधिक गरी राखेको छैन। त्यसैले तोकिए बमोजिमको विद्युतीय प्रणालीमा लेखा स्रेस्ता राख्नु पर्दछ। | |
| १७ | **नक्सा पास :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २७(१) अनुसार कसैले पनि गाँपालिका वा गाँउपालिकाबाट नक्सा पास गाँडाई भवन निर्माण गर्न नहुने व्यवस्था छ। यस वर्ष गाउँपालिकाले कुनै पनि नक्सा पास गरेको छैन । गाउँपालिका भित्र निर्माण गरिने भवनहरुको नक्सा पास गरि बसोवासलाई व्यवस्थित गर्नुपर्दछ। | |
| १८ | **भ्रमण किफायती नभएको :** भ्रमण खर्च नियमावली, २०६४ को नियम (१) अनुसार सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले सम्भव भएसम्म भ्रमणलाई किफायती र कम खर्चिलो बनाउनु पर्ने उल्लेख छ। तर कार्यालयले नियम १९ अनुसार दूरी प्रमाणित बेगर गाँउपालिका भित्र समेत कर्मचारी विभिन्न नाममा काजमा खटाउने गरेको र भ्रमणमा खटिने पदाधिकारी तथा कर्मचारीलाई वास्तविक काम र सोमा लाग्ने समयको आंकलन नगरीकाज स्वीकृत गरी सो अनुसार दैनिक भ्रमण भत्ता भुक्तानी गर्ने गरेको छ । जसबाट गाँउपालिकालाई अनावश्यक व्ययभार पर्ने तथा आर्थिक अनुशासनको पक्ष समेत कमजोर हुँदै जाने तर्फ जिम्मेवार पदाधिकारीहरुले तत्काल ध्यान दिई यस्तो प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ। | |
| १९ | **निर्माण कार्यको लगतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा गाँउपालिकाले यस वर्ष संचालन गरेको योजना निर्माण कार्यको लगत अद्यावधिक गरेको देखिएन । गाँउपालिकाले गतविगत वर्ष देखि संचालन भएको | |

| दफा नं. | लेखापरक्षिणवाट देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|
| | कार्यक्मबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यबस्था गरी  निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखियो । | |
| २० | **सामाजिक सुरक्षा वितरण:**नगरपालिकाले यो बर्ष जेष्ठ नागरिक, एकल तथा विधवा महिला, अपांग र वालवालिकाहरुलाई सामाजिक सुरक्षा भत्ता रु.२४३०३६००।- वितरण गरेको विवरण प्राप्त छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् : | |
| २०.१ | सामाजिक सुरक्षा कार्यक्रम कार्यविधि २०७२ मा उल्लेख गरे अनुसार प्रत्येक स्थानीय तहले भत्ता पाउने परिचय वितरण गरेका लाभग्राहीहरुको फोटो सहितको मूल अभिलेख राख्नु पर्ने सो अभिलेखबाट प्रत्येक वर्ष मृत्यु भएका तथा वसाई सरेका लाभग्राहीको लगत कट्टि गर्नुपर्ने, प्रत्येक वर्ष लाभग्राहीको परिचयपत्र नविकरण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले बसाई सराई र मृत्यू भएका व्यक्तिहरुको विवरण तयार गरेको पाइएन । जसले गर्दा त्यस्ता व्यक्तिको नाम सामाजिक सुरक्षा भत्ता खर्च भए नभएको यकिन गर्न सकिएन ।<br>यस सम्वन्धमा गाउँपालिकासँग छलफल हुँदा वडाबाट प्राप्त विवरण र गाउँपालिकाको पञ्जिकरणबाट प्राप्त विवरण अनुसार एम आइ एस प्रणालीमा प्रविष्ट गरी विवरण अद्यावधिक मात्र वडाहरुलाई भरपाई प्रदान गर्ने गरेको जनाएको छ ।सामाजिक सुरक्षा भत्ता वितरणमा हुनसक्ने त्रुटि तथा हिनामिना प्रति गाउँपालिका सजक रहनु पर्दछ । | |
| २०.२ | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को दफा ३८ मा प्रत्येक गाँउपालिकाले सामाजिक सुरक्षा भत्ता/वृति प्राप्त गर्न योग्य भएका सबै लक्षित समूहले नयाँ परिचयपत्रका लागि दिएका निवेदन उपर छानबिन गरी परिचयपत्र प्रदान गर्नका लागि सिफारिस गर्न तथा सामाजिक सुरक्षा कार्यक्रमको रकम प्रवाहको स्थानीयस्तरमा अनुगमन गर्न गाँउपालिकाको निर्वाचित जनप्रतिनिधि प्रमुख वा सो जिम्मेवारी तोकिएको पदाधिकारीको अध्यक्षतामा एक स्थानीय सामाजिक सुरक्षा समन्वय समिति गठन गर्नुपर्ने व्यवस्था छ । सो व्यवस्था अनुसार जिल्लाका  गाँउपालिकाले स्थानिय सामाजिक सुरक्षा समन्वय समिति गठन गरी परिचयपत्र वितरण संख्या, नवीकरण गरिएको संख्या  र लगत कट्टा गरिएको संख्याको निर्णयसहितको स्पष्ट विवरण पेश गरेको पाइएन । | |
| २०.३ | सम्बन्धित वडा कार्यालय मार्फत प्रथम किस्ता, दोस्रो किस्ता र तेस्रो किस्ता क्रमशः असोज १ गतेबाट दोस्रो हप्ताभित्र, माघ १ गतेबाट दोस्रो हप्ताभित्र र जेठ १ गतेबाट दोस्रो हप्ताभित्र वितरण गरिसक्नु पर्ने कार्यविधिले निर्देश गरे पनि सो अनुरुप समयमै भत्ता वितरण गरेको पाइएन । समयमै वितरण गर्ने गरी व्यवस्थापन गर्नुपर्दछ। | |
| २१ | **पेस्की बाँकी :** वर्षान्तमा विभिन्न शिर्षकहरुमानिम्नानुसार पेस्की बाँकी देखिएकोले आर्थिक कार्यविधि नियमावली बमोजिम फछ्र्यौट गर्नुपर्ने रु.. | ४,७९,०९०/- |

| पेस्की लिनेको नाम | रकम |
|---|---|
| **जिल्ला खेलकुद विकास समिति** | ४०००००.०० |
| हे अ रविन खत्री | ९०९०.०० |
| फोटो पत्रकार भवानी तावा | ५००००.०० |
| ह स चा गणेश काम्वाङ | २००००.०० |
| **जम्मा** | **४७९०९०.००** |

| दफा नं. | लेखापरक्षिणवाट देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|
| २२ | **एलजिसिडीपी:** चालुतर्फ रु.४६००००।- बजेट विनियोजन भएकोमा पुरै रकम खर्च भएको छ । ४ जना सामाजिक परिचालकलाई ३.५ महिनाको तलव रु.१६८०००।- भूक्तानी दिनुपर्ने यस शिर्षकबाट रु.६७५००।- मात्र भुक्तानी भएको पाइयो । यसै शिर्षकबाट तलव पाउने गरी नियुक्त भएका सामाजिक परिचालकलाई अर्को शिर्षकबाट भुक्तानी दिनु नियमसम्मत नदेखिएको रु.. | १००५००/- |
| २३ | **बहुक्षेत्रीय पोषण कार्यक्रम:** यस कार्यक्रमको लागि रु.११ लाख ५० हजार वजेट प्राप्त भएकोमा गाउँपालिकाबाट रु.१०लाख ४२ थप गरी रु.२१लाख ९२ को विभिन्न १५ वटा कार्यक्रमहरु तयार गरी कार्य भएको पाइयो ।यस वर्ष यो कार्यक्रम गाउँपालिकाका वडा नं. १ र ६मा सञ्चालन गरेको पाइयो | |

| दफा नं. | लेखापरक्षिणवाट देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|
| | । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्:<br>● साना साना रकमका धेरै कार्यक्रमहरु तयार गरेको छ । जसले गर्दा तालिम कार्यक्रम प्रभावकारी नहुन सक्ने देखियो ।<br>● वार्षिक समीक्षा वापत रु.५० हजार खर्च भएको छ । समीक्षा मार्फत देखिएका व्यहोरा समेटेर प्रतिवेदन तयार गरेको पाइएन । भएको कामको समीक्षा गरी आगामी दिनमा प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गर्न समीक्षाले मार्गप्रशस्त गर्नुपर्दछ ।<br>● पोषण पुनर्स्थापना केन्द्रबाट फर्कदा कुपोषित बालवालिकालाई २ प्याकेट आयोडिनयूक्त नून र २ क्यारेट अन्डा ४३ जनालाई वितरण गरी रु.३० हजार खर्च भएको छ । नून र अन्डामा खर्च गर्नुभन्दा अन्य प्रभावकारी कार्यक्रम तयार गरी खर्च गर्दा कार्यक्रम प्रभावकारी हुने देखिन्छ ।<br>● ४ हप्ताको चल्ला ८८० वटा वडा नं. ६ का ५१ जना र वडा नं. १ का ४९ जनालाई वितरण गर्दा रु.५ लाख खर्च भएको छ । वितरणमुखी भन्दा परिणाममुखी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।<br>● सञ्चालन भएका तालिमहरुको कागजातसाथ तालिम सञ्चालनको समय सारिणी, प्रतिवेदन, कार्यपत्रहरु संलग्न गरेको पाइएन ।<br>● कार्यक्रमको समष्टिगत प्रगति प्रतिवेदन तयार गरेको पाइएन । | |
| | **प्रदेश वजेट तर्फ** | |
| २४ | नेपाल सरकार निर्माण कार्यको नर्म्स अनुसार मेशिनवाट माटो कार्यमा कटान गरिएको माटो १०० मिटरको दुरी सम्म फाल्ने कार्यको लागी थप भूक्तानी गर्न नमिल्ने व्यबस्था रहेको छ । गााउँपालिकावाट नागी खेल मैदान निर्माण कार्य लागी माटो कटान गरी माटो फालेको भनि सो वापत ६३२० घ.मि.माटोको प्रति घ.मि. ४० का दरले रु २५२८०० भूक्तानी भएको छ । कटाई माटो परिमाण १२०५८ मध्ये ६० मिटर भित्रको खाल्डो पुर्न लाग्ने परिमाण ६३२० घटाई फाल्ने कार्यको परिमाण ५७३८ को मात्र भूक्तानी दिनु पर्नेमा थप परिमाण ५८२ घ.मि को भुक्तानी भएकोले बढि भूक्तानी भएको असुल गर्नु पर्ने देखिएको रु | २३२८०/- |
| | **शिक्षातर्फ** | |
| २५ | **विद्यालयगत निकासा रजिष्ट्रर :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन् भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । गाँउपालिकाले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरीअभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता गरी राख्नु पर्दछ । | |
| २६ | यस गाँउपालिकाको क्षेत्रभित्र ४३ विद्यालयहरु रहेका रविद्यालय क्षेत्र पूर्वाधार विकास,एक सिकाई केन्द्रलाई आइसिटी अनुदान र आधारभूत तह र मा.वि. तह शिक्षक तलब भत्तामा रु.७९६३८२७०।- खर्च भएको आर्थिक विवरणले देखाएको छ । पालिकाले नयाँ नियुक्ति, सरुवा भइ आउने तथा रमाना हुने र अवकाश हुने शिक्षकहरुको व्यवस्थित अभिलेख राखेको नपाइएकोले तलब निकासाको यर्थार्थता एकिन गर्न सकिएन । | |
| | **कृषि सेवातर्फ** | |
| २७ | पालिकाले कृषि समानीकरण तर्फ रु ३०,२७,५७४।०० खर्च गरेको छ । वार्षिक रुपमा कार्यक्रम तर्जुमा गरी खर्च गरेको भएपनि चौमासिक रुपमा सम्पादन गर्नेगरी कार्यतालिका तयार गरेको देखिएन : चौमासिक कार्यतालिका बनाई कार्यक्रमहरु सञ्चालन हुनु पर्दछ । | |
| २८ | **बिउको स्रोत स्पष्ट नभएको :** बार्षिक कार्यक्रमको बुंदा नं.२.२ र २.४ का कार्यक्रमहरु मकैको मूल विउ र उन्नत विउ क्रमश: ७५ प्रतिशत र ५० प्रतिशत अनुदानमा ५० केजी मूल बीउ कृषि अनुसन्धान परिषदको र २००० केजी उन्नत विउ कृषकबाट रु १६३५००।०० को खरिद गरी वितरण गरिएको छ । मूल विउ प्रति केजी रु ७० रहेको छ भने उन्नत विउ प्रतिकेजी रु ८० रहेको छ । मूल विउको मूल्य भन्दा कृषकहरुबाट गाँउमा खरिद गरिएको उन्नत विउको मूल्य बढी रहेको देखिएको । विजबृद्धिको उन्न्त विउको स्रोतकेन्द्र सम्बन्धमा जिल्लाको कृषि विकास कार्यालयले सिफारिस गरेका | |

| दफा नं. | लेखापरक्षिणवाट देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|
| | किसानले उत्पादन गरेको विउ हुनुपर्नेमा कृषि कार्यालयको त्यस्तो सिफारि रहेको नदेखिएको र मूल विउको मूल्यभन्दा अधिक मूल्यमा उन्नत विउ खरिद गरेको विश्वसनीय नदेखिएको रु | १६०००० / |
| २९ | **बढी भुक्तानी :** बार्षिक कार्यक्रम अनुसार ५० प्रतिशत अनुदानको रु ३६२५००।०० मा भिण्डी, घिरौला, लौका, करेला, काँका र टमाटरको विउ खरिद गरेकोमा रु १८१२५०।००मात्र कार्यालयले व्यहोर्नुपर्नेमा रु २२९७५०।०० व्यहोरेको देखिएकोले बढी भुक्तानी भएको रु ४८५००।०० को कारण खुलाउनु पर्ने अन्यथा असूल हुनुपर्ने देखिएको रु... | ४८,५००/- |
| | **पशु सेवातर्फ :** | |
| ३० | पालिकाले पशु सेवा समानीकरण तर्फ रु २४,८९,१८३।०० खर्च गरेको छ । वार्षिक रुपमा कार्यक्रम तर्जुमा गरी खर्च गरेको भएपनि चौमासिक रुपमा सम्पादन गर्नेगरी कार्यतालिका तयार गरेको देखिएन । चौमासिक कार्यतालिका बनाई कार्यक्रमहरु सञ्चालन हुनु पर्दछ । | |
| ३१ | उन्नत जातका कृषि बस्तुहरु तोकिएको स्रोत केन्द्रबाट खरिद गरिनुपर्दछ । पालिकाले ६ वटा उन्नत जातको विभिन्न साइजका २३ देखि ३० केजी सम्म तौल भएका कूल १५२ केजी तौलका बीउ बोका सावित्रा वाखा फर्म दर्वेशा मोरङबाट रु.२,०५,०००।०० मा खरिद गरी कृषकहरुलाई वितरण गरेको छ । उक्त फर्म उन्नत जातका बाखा उत्पादन फर्म रहेको भन्ने सम्बन्धमा कुनै प्रमाण कागजात स्रेस्तासाथ नरहेको र बोकाको मूल्य प्रति केजी रु १३५०।०० पनि उच्च देखिएकोले मितव्ययी एवं गुणस्तरीय खरिद हो भनी एकिन गर्न नसकिएको रु. | २,०५,०००/- |
| ३२ | **औषधी बढी खरिद :** बार्षिक कार्यक्रम अनुसार रेविज रोग निवारण शिविर संचालनको लागि रु१४४०००।०० को १२०० वटा रेविज विरुद्धको भ्याक्सिन खरिद गरेकोमा ६०० वटा भ्याक्सिन प्रयोग भई ६०० वटा बाँकी रहेको पाइयो । गाँउ पालिकामा उक्त भ्याक्सिन लामो समयसम्म भण्डार गर्न उचित व्यवस्था नभएको र भ्याक्सिनको म्याद पनि १ वर्ष मात्रै रहने हुँदा आबश्यकता भन्दा बढी रु ७२,०००।०० को खरिद नदेखिएको रु | ७२,०००/- |
| | **वन तथा वातावरण तर्फ :** | |
| ३३ | पालिकाले वन तथा वातावरण समानीकरण तर्फ रु ३३,११,०००।०० खर्च गरेको छ । वार्षिक रुपमा कार्यक्रम तर्जुमा गरी खर्च गरेको भएपनि चौमासिक रुपमा सम्पादन गर्नेगरी कार्यतालिका तयार गरेको देखिएन : चौमासिक कार्यतालिका बनाई कार्यक्रमहरु सञ्चालन हुनु पर्दछ । | |
| ३४ | **प्रयोजन नखुलेको खरिद :** सम्पादन गर्ने काम खुलाई मालसामान खरिद गरिनु पर्दछ । पालिकाले हेभी कोटेड ३ साइजका ३६६०.२० केजी तार खरिद रु.४१९२१९।०० र सोको जाली बनाई खर्च रु ८०७८१।०० समेत रु.५०००००।०० खर्च गरेको छ । उक्त तार जाली कुन प्रयोजनको लागि खरिद भएको र सो को उपयोग कहाँ गरियो खुलेको देखिएन । अतः प्रयोजन नखुलेको उक्त खर्च नियमसंगत नदेखिएको रु. | ५,००,०००/- |
| ३५ | **कर कट्टि नभएको :** आयकर ऐन, २०५८ को नियम ८८ मा सवारी भाडा भुक्तानीमा १० प्रतिशत कर कट्टि गर्नु पर्ने व्यवस्था छ । पालिकाको वार्षिक कार्यक्रम अन्तर्गत दिपज्योती युवा क्लब याङवरकद्धारा त्यस गाँउपालिकाको हिमाली विभिन्न स्थानमा २०७५ जेठ २०,२१, र असार ९ मा सञ्चालित ३ दिने रेडपाण्डा संरक्षण गोष्ठीको पेश गरेको खर्च भुक्तानी भुक्तानी गर्दा गाडी धनी रमेश राई लाई भुक्तानी गरेको गाडी भाडा रु.७२,०००।००मा नियमानुसार लाग्ने कर रु.७२००।०० कट्टि नगरेकोले असूल गरी दाखिला गर्नुपर्ने देखिएको रु. | ७,२००/- |
| ३६ | **कर कट्टि दाखिला नभएको :** आयकर ऐन, २०५८ को नियम ८८ अनुसार देहायका कार्यक्रम अन्तर्गत अनुगमन भत्तामा कर कट्टि भएपनि दाखिला भएको नदेखिएकोले उक्त कर रु.४४१०।०० दाखिला भएको नदेखिएकोले कार्यक्रम संचालकबाट असूल गरी दाखिला हुनुपर्ने रु. | ४,४१०/- |

| गो.भौ. र मिति | कार्यक्रम | कर कट्टि रकम | दाखिला भएको रु. | दाखिला नभएको रु |
|---|---|---|---|---|
| १०-०७५/३/१९ | रेड पाण्डा संरक्षण कार्यक्रम | ३९६०.०० | ३०००.०० | ९६०.०० |
| ११-०७५/३/२० | सिप विकास तथा जनचेतना तालिम | ३४५०.०० | - | ३४५०.०० |

| | | |
|---|---|---|
| ३७ | गाउँपालिका स्वास्थ्य चालू कार्यकम तर्फ अमन फार्मेसीवाट रु १३५००१ का १५० थान न्यानो भोला खरिद गरिएकोमा थर्पू स्वास्थ्य चौकि र च्याङथापू स्वास्थ्य चौकीमा ५०।५० थान हस्तान्तरण | ४५०००/- |

| दफा नं. | लेखापरक्षिणवाट देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|
| | गरी बाँकी ५० थान मौद्जातमा नै राखेको पाईयो । आवस्यकता पहिचान गरेर मात्र मात्र खरिद गर्नु पर्नेमा मौद्जात मात्र रहने गरि खरिद भएको अनियमित देखिएको रु | |
| ३८ | गाउँपालिका स्वास्थ्य चालू कार्यक्रम तर्फ अमन फार्मेसीवाट रु २४००५५ को विभिन्न १८ प्रकारका औषधि खरिद गरी भूक्तानी दिदा आयकर ऐनको व्यबस्था अनुसार १.५ प्रतिशत अग्रिम कर कट्टी गरेको नपाईएकोले असुल गरी दाखिला गर्नु पर्ने देखिएको रु | ३६०० |
| ३९ | सार्वजनिक खरिद ऐन तथा नियमावलीमा सार्वजनिक निकायले गर्ने खरिदलाई प्रतिस्पर्धात्मक तवरले मितव्ययीताका साथ गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले यस वर्ष निम्नानुसारका खरिदहरुमा सोको लागत अनुमान अनुसार सिलबन्दी दरभाउपत्र तथा वोलपत्रको माध्यमबाट खरिद नगरी सोझै खरिद गरेको छ । जसले गर्दा खरिदमा मितव्ययीता भयो भन्नेमा विश्वस्त हुनसक्ने अवस्था देखिएन । अतः सोझै खरिद गर्ने कार्य नियमसम्मत नदेखिएको रु.. | ८७५०१९/ |

| गों भो. | फर्मको नाम | विवरण | रकम |
|---|---|---|---|
| १९/७४/१०/१० | अमन फार्मेसी | न्यानो झोला | १३५००१/- |
| ५४-७५/०३/१४ | अमन फार्मेसी | विभिन्न १८ प्रकारका औषधि | २४००५५/- |
| २-०७४/१२/१० | अमन फार्मेसी | विभिन्न ५६ प्रकारका औषधि | ४९९९६३/- |
| | | **जम्मा** | **८७५०१९/-** |

| | | |
|---|---|---|
| | **चालुतर्फ** | |
| ४० | **कर कट्टीः** हृदुलय मेवा खोला जलविद्युत परियोजना कुलो मर्मत याङवरक २ को पाइप ढुवानी वापत सगरमाथा ढुवानी सेवालाई रु.७५,०००।- भूक्तानी गरेकोमा वहाल कररु.७५००।- कट्टी गरी दाखिला गर्नुपर्ने रु.. | ७,५००।- |
| ४१ | **स्थायी लेखा नम्बर र मू.अ.कर दर्ता प्रमाण पत्र प्राप्त नगरेकासंग खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण प्राप्त गरेका व्यक्ति वा फर्मबाट मात्र खरिद गर्नु पर्ने उल्लेख छ। गाउँपालिकाले नविकरणीय उर्जा प्रविधि र सवारी साधन सम्बन्धी कार्यको लागत अनुमान तयार गर्न ई.दिनेश कुमार सिंहबाट कन्सल्टेन्सी सेवा लिए वापत रु १५००००।०० मा १५ प्रतिशत कर कटाई भुक्तानी भएको छ । निज कन्सल्टेन्सी VAT अर्थात PAN मा दर्ता भएका हुन होइनन् सो सम्बन्धी कुनै कागजात नरहेको र निजले विजक समेत जारी नगरेकाले उक्त खर्च विश्वसनीय मान्ने आधार नदेखिको रु. | १,३५,०००/ |
| ४२ | **जिन्सी मौज्दातः** गाउँपालिकाले यस वर्षसिलवन्दी दरभाउपत्रबाट एचडिपिइ पाइप, ग्यावियन र जस्तापाता खरिद गरेको पाइयो । खरिद मध्ये देहायअनुसारको मौज्दात लेखापरीक्षण अवधिसम्म पनि रहेको देखिएकोले उक्त सामानहरु आवश्यकता भन्दा बढी खरिद भएको देखिन्छ। एक आर्थिक वर्षलाई आवश्यक पर्ने जिन्सी सामानहरु सोही वर्ष खरिद गर्नुपर्दछ। मौज्दातमा रहेका जिन्सीलाई वितरण गरी सोको प्रमाण पेश गर्नुपर्ने रु.. | १५,९७,४११/ |

| जिन्सी सामान | इकाई | रकम |
|---|---|---|
| एचडिपिई पाइप | १०२२५ आरएम | ३५८८९७/- |
| | ७११० आरएम | ३७६११९/- |
| ग्यावियन | ९५×९५ से. को १२५ थान | २४४२०५/- |
| | ४×२×१ को ५५ थान | |
| जस्तापाता | ३१ एमएम ८०.५ वण्डल | ५२९६९०/- |
| | Heavy coated 8 salwage weir१० वण्डल | ८८५००/- |
| | **जम्मा** | **१५९७४११/-** |

| | | |
|---|---|---|
| ४३ | वडा नं. १ का सचिव कृष्णप्रसाद पोखरेल २०७४।७१३ देखि १८ सम्म फिदिमको लागि भ्रमण स्वीकृत भएकोमा २०७४।७१२ गतेको समेत दैनिक भ्रमण भत्ता वुझेको पाइएकोले रु.१२००।- निजबाट असुल गर्नुपर्ने रु.. | १,२००/- |
| ४४ | वडा नं. २ को घरभाडा रु.३६०००।- भुक्तानी गर्दा बहाल कर कट्टी गरी दाखिला गरेको नपाइएकोले कर दाखिला गर्नुपर्न रु... | ३,६००/- |

| दफा नं. | लेखापरक्षिणवाट देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|
| ४५ | **खाजा खर्च** : नेपाल सरकारबाट स्थानीय निकायमा खटिएका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामाजिक परिचलान खर्च पाउने व्यवस्था छ । गाँउपालिकामा कार्यरत ३६ जना खाजा खर्च वापत रु.५४३०००।- भूक्तानी गरेको छ । आन्तरिक आय र कार्यबोझलाई मध्यनजर गर्दै यस्ता प्रकृतिका खर्च गर्नुपर्दछ । | |
| | **पूँजीगततर्फः** | |
| ४६ | **उपभोक्ता समितिबाट निर्माण कार्य** : उपभोक्ता समितिबाट भएको निर्माण कार्यको परीक्षण गर्दा देखिएको व्यहोराहरु यस प्रकार छन् : | |
| ४६.१ | संस्था दर्ता ऐन, २०३४ दफा ३ अनसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिदैन । कार्यालयले यसवर्ष संझौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनाको बजेटको आधारमा अस्थाई समिति गठन हुने र काम सम्पन्न पश्चात् समिति विघटन हुने हुंदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाई हुने भएकोले स्थायी संयन्त्र मार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ । | |
| ४६.२ | सार्वजनिक खरिद नियमाबली २०६४ को नियम ९७(९) मा उपभोक्ता समितिबाट निर्माण वा संचालित हुने निर्माण कार्यमा एक्जाभेटर, डोजर, लोडर जस्ता मेसिनरी उपकरण प्रयोग गर्न नसकिने तर लागत अनुमान तयार गर्दा नै जटिल प्रकृतिको काम भएको हुँदा मेसिन प्रयोग गर्नुपर्ने भनि प्राविधिकबाट सिफारीस भई आएकोमा मेसिन प्रयोग गर्न सकिने उल्लेख छ । गाँउपालिका अधिकांश मोटरबाटो निर्माण गर्ने काममा मेसिनको प्रयोग भएको छ । गर्न सकिने कार्यहरुमा जनशक्तिलाई समेत रोजगारी दिने गरी कार्य गर्नुपर्दछ । | |
| ४६.३ | उपभोक्तासंगको खरिद सम्झौतामा सवै कामहरु इन्जिनियरिङ्ग नर्म्स, प्राविधिक नक्सा, संलग्न प्राविधिक स्पेशिफिकेशन अनुसार गर्नुपर्ने व्यवस्था रहेकोमा अधिकांश उपभोक्ता समितिको कार्यमा प्राविधिक नक्सा तयार गरेको पाईएन। साथै अधिंकाश निर्माण कार्यहरुमा भएको प्रमाणित गर्ने तस्वीर र योजनाको जानकारी मूलक सूचना वोर्ड संलग्न रहेको छैन । उपभोक्ता समितिवाट भएको काममा पारदर्शिता हुनुपर्दछ । | |
| ४६.४ | सार्वजनिक खरिद नियमावली २०६४ को ९७ उपनियम (११) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्ने व्यवस्था छ । सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरणको अभिलेख राख्नु पर्नेछभन्ने व्यबस्था रहेको छ । गाँउपालिकाबाट संचालित योजनाहरुमा प्राविधिकहरुबाट नाँपजाच भएको अधिकांश निर्माण कार्यहरुको लागत अनुमानसँग समान हुने गरी कार्यसम्पन्न भएको देखाईएको छ । | |
| ४६.५ | गाँउपालिकाले यस आर्थिक वर्षमा नयाँ ट्र्याक खोल्ने तथा मोटरबाटो स्तरोन्नती गर्ने, मर्मत गर्ने कार्य उपभोक्ता समितिबाट गराउँदा उपभोक्ता समितिले डोजर भाडा वापतको बिल पेश गर्दा फरक फरक दररेट पेश गरेको पाइयो। गाँउपालिकाले हालसम्म डोजर भाडादर तोकिदिएको छैन भने फरक फरक दर पेश भएकोमा सो को पुष्ट्याँइ समेत पेश गर्न सकेको छैन । गाँउपालिका भित्र हुने एकै प्रकृतिका कार्यका लागि एउटै दररेट कायम गरी कार्य लगाउनु पर्दछ । | |
| ४६.६ | उपभोक्ता समितिद्वारा मोटरबाटो निर्माण, मर्मत सम्भार अन्तर्गत डोजरबाट माटो खन्ने कार्यको परिमाण गणनागरी उपभोक्तालाई भुक्तानी दिने बिलमा घनमिटरमा परिमाण उल्लेख गरेतापनि सो को भुक्तानी लिने प्रयोजनार्थ उपभोक्ता समितिले पेश गर्ने डोजर भाडा वापतको निर्माण व्यवसायीको बिलमा प्रतिघण्टाका दरले रकम उल्लेख गर्ने गरेको पाइएकोले भएको कार्य परिमाण र भुक्तानी भएको भाडादर बीच तादाम्यता रहेको पाइएन । यर्सथ बिल अनुसारको कार्य परिमाण खुल्ने गरी बिजक राख्नुपर्दछ । | |
| ४६.७ | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट सम्पन्न गरेको कुनै पनि आयोजना नियमावलीको व्यबस्था बमोजिम हस्तान्तरण गरको | |

| दफा नं. | लेखापरिक्षणवाट देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|
| | देखिएन । जसबाट सम्पन्न आयोजनाको मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ । | |
| ४६.८ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा गाँउपालिकाले यस वर्ष संचालन गरेको योजना निर्माण कार्यको लगत अद्यावधिक गरेको देखिएन । गाँउपालिकाले गतविगत वर्ष देखि संचालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यबस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखियो । | |
| ४६.९ | गाँउपालिकाले उपभोक्ता समिति मार्फत हुने काममा हुने जनसहभागितालाई गाँउसभाबाट निर्णय गरी एकरुपता हुने गरी दर कायम गर्नुपर्नेमा सो गरेको देखिएन । योजनाहरुमा २० प्रतिशतदेखि १० प्रतिशतसम्म जनसहभागिता राखी लागत अनुमान तयार गरी भुक्तानी समेत गरेको पाइयो । यसर्थ जनसहभागितामा एकरुपता कायम गर्नुपर्दछ । | |
| ४७ | **मूल्य अभिवृद्धि करः** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियक १७ (१) मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि वाहेक प्रापकलाई अनुसुची ५ र ५ (क) वमोजिमको ढाँचमा कर विजक दिनुपर्ने उल्लेख छ । यस कार्यालयको वडा नं.६ कार्यालय घेराबार तथा शौचालय निर्माण गर्दा मजदुर इटा उद्योग फिदिम २, पाँचथरबाट पोलेको इटा खरिद वापत गो.भौ.नं.१९/२०७४।११।०२ भूक्तानी रु.२४,८६०।- दिएकोमा सो उद्योगको विजक नम्वर केरमेट रहेकोले उक्त फर्मलाई भूक्तानी भएको मूअकर रु.२,८६०।- सम्वन्धित कर कार्यालयमा समायोजन गरेको प्रमाण पेश गर्नु रु.. | २,८६०।- |
| ४८ | **डोजर वहाल करः** आयकर ऐन २०५८ बमोजिम बहाल वापतको भूक्तानीमा १० प्रतिशत बहाल कर कट्टा गरेर भूक्तानी गर्नु पर्ने व्यबस्था रहेकोमा निम्न बमोजिमका निमार्ण कार्यहरुमा डोजर कम्पनीका तर्फ वाट देहायबमोजिम को रकम प्राप्त गरेको भरपाई पेश भएकोमा गाँउपालिकावाट सो वापत भूक्तानी गर्दा ऐनको प्राबधान अनुसारको १० प्रतिशत भन्दा कम प्रशितवाट कट्टी गरेको पाइएकोले नपुग कर सम्बन्धितवाट असुल गरी दाखिला गर्नु पर्ने देखिएको रु... | ७,८८,३०७/- |

| गो.भौ.नं./मिति | योजनाको नाम | डोजर कम्पनी | डोजर बहाल | लाग्ने कर | कट्टी कर | नपुग कर |
|---|---|---|---|---|---|---|
| १७/०७४.१०.१७ | सिबुटार टोलदेखि केदेम्बा वडा कार्यालय मो.बा. | फाइभ विल्डर्स एण्ड इक्विप्मेन्ट प्रा.लि.काठमाडौ | ६४२००० | ६४२०० | ५०००० | १४२०० |
| २३/०७४.११.१६ | लामवोखरी फलाटे मो.बा. | | ६३१५९६ | ६३१५९ | ५०००० | १३१५९ |
| २६.०७४.११.२० | लहरेवास कामीटार नावापुङ हुंदै हिटि सडक | | ६३०००० | ६३००० | ५०००० | १३००० |
| २७/०७४.११.२० | सुनुवार गोलाई हिटि हुँदै चौधे डाडाँ सडक | | १८६६००० | १८६६०० | १५०००० | ३६६०० |
| २९/०७४.११.२० | ढाँड गाउँ अर्चले थर्पु मो.बा. | | ६८४००० | ६८४०० | ५०००० | १८४०० |
| ३१/०७४.११.२१ | नारायण मा.वि. खेदमैदान निर्माण उ.स. | त्रिशुली कन्स्ट्रक्सन कम्पनी प्रा.लि.,काठमाडौं | ८८८६०० | ८८८६० | ७०००० | १८८६० |
| ३४/०७४.११३० | माडहिम कोप्चे मोटर बाटो | पाँचथर निर्माण सेवा प्रा.लि. झापा | ६३०००० | ६३००० | ५०००० | १३००० |
| ४२/०७४.१२.४ | साविक वडा नं.१-८ सडक | पाँचथर निर्माण सेवा प्रा.लि. झापा | १८३४५०० | १८३४५० | १५०००० | ३३४५० |

| दफा नं. | लेखापरक्षिणवाट देखिएका व्यहोरा | | | | | | | रकम रु. |
|---|---|---|---|---|---|---|---|---|
| | ५५/०७४.१२.१९ | बडहे देखि साठीमुरे मो.बा. | तुलसी कन्स्ट्रक्सन सर्भिस प्रा.लि., झापा | ३८०२५० | ३८०२५ | ३०००० | ८०२५ | |
| | ५७/०७४.१२.१९ | इन्द्रावती कृषि सडक | तुलसी कन्स्ट्रक्सन सर्भिस प्रा.लि., झापा | ३७७००० | ३७७०० | ३०००० | ७७०० | |
| | ६४/०७४.१२.२९ | साविक वडा नं.१-८ सडक | पाँचथर निर्माण सेवा प्रा.लि. झापा | ६११००० | ६११०० | ५०००० | ११९०० | |
| | ६७/०७४.१२.२९ | चिण्डे असिने गौमूखी दाहाल गाउँ सिंचाई योजना | पाँचथर निर्माण सेवा प्रा.लि. झापा | ६३०५०० | ६३०५० | ५०००० | १३०५० | |
| | ७०/०७५.१.६ | ऐसेलु पाखे गोपेटार मो.बा. | पाँचथर निर्माण सेवा प्रा.लि. झापा | ६३०५०० | ६३०५० | ५०००० | १३०५० | |
| | ७२/०७५.१.९ | ओयाम २ गुप्तेश्वर मो.बा. | पाँचथर निर्माण सेवा प्रा.लि. झापा | १५९९००० | १५९९०० | १००००० | ५९९०० | |
| | ७७/०७५.१.११ | गाउँपालिका भवन घडेरी निर्माण याङवरक-४ | पाँचथर निर्माण सेवा प्रा.लि. झापा | १२५७००० | १२५७०० | १००००० | २५७०० | |
| | ७९/०७५.१.१४ | फाक्लुङ फालोट पर्यटकिय सडक मर्मत | तुलसी कन्स्ट्रक्सन सर्भिस प्रा.लि., झापा | ६२६००० | ६२६०० | ५०००० | १२६०० | |
| | ८२/०७५.१.१२ | पावर हाउस निगाले मगर डाडाँ समरजुङ मो.बा. | फाल्गुनन्द निर्माण सेवा, याङवरक | ८७७५४४ | ८७७५४ | ७०००० | १७७५४ | |
| | ८८/०७५.१.१३ | थर्पु बजार देखि सिरिसे गोपेटार मो.बा. | धिमाल कन्स्ट्रक्सन, चिसापानी | ६३०००० | ६३००० | ५०००० | १३००० | |
| | ९२/०७५.१.२५ | कुवापानी सूर्यप्रभात आ.वि.लामदुवाली सडक | पाँचथर निर्माण सेवा प्रा.लि. झापा | ८८२००० | ८८२०० | ७०००० | १८२०० | |
| | ९३/०७५.१.२५ | सिसिले बुद्ध आ.वि. लम्पोखरी सडक | पाँचथर निर्माण सेवा प्रा.लि. झापा | १२५१८४० | १२५१८४ | १००००० | २५१८४ | |
| | ९४/०७५.१.२५ | फलैचा ४ धिमाले निम्बु पोखरी मो.बा. | फाल्गुनन्द निर्माण सेवा, याङवरक | ९१६५०० | ९१६५० | ७६००० | १५६५० | |
| | ९७/०७५.१.२६ | आगेजुङ कालो पानी सडक निर्माण | धिमाल कन्स्ट्रक्सन, चिसापानी | ६३०००० | ६३००० | ५०००० | १३००० | |
| | १०२.०७५.१.३० | बरडाडाँ सिलेजुङ गैरी गाउँ मो.बा. | पाँचथर निर्माण सेवा प्रा.लि. झापा | १००७५०० | १००७५० | ८०००० | २०७५० | |
| | १०३/०७५.१.३० | फलैचा नारायणी मा.बि. | पाँचथर निर्माण सेवा प्रा.लि. झापा | ६३०५०० | ६३०५० | ५०००० | १३०५० | |
| | ११८/०७५.२.२१ | २ नं. वडा कार्यालय भवन निर्माण | पाँचथर निर्माण सेवा प्रा.लि. झापा | ८८२००० | ८८२०० | ७०००० | १८२०० | |
| | ११९/०७५.२.२ | गुम्बाडाडाँ मोटर बाटो | पाँचथर निर्माण सेवा प्रा.लि. | ५००५०० | ५००५० | ३०००० | २००५० | |

| दफा नं. | लेखापरक्षिणवाट देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | | झापा | | | | |
| १५०/०७५.३.१३ | च्याङथापु चाम्लिङ डाडाँ पेरुङ्गे मो.बा. | फाल्गुनन्द निर्माण सेवा, याङवरक | २००८५०० | २००८५० | १६०००० | ४०८५० |
| ८/०७४.११.२१ | मध्यपहाडी ५२ मैलो मो.बा. | पाँचथर निर्माण सेवा प्रा.लि. झापा | ३८०००० | ३८००० | २०००० | १८००० |
| २-७५/३/२५ | नागी खेल मैदान | हिमाल कन्ट्रक्सन | १७५८००० | १७५८०० | १४०००० | ३५८०० |
| ३-७५/३/२५ | थर्पू याङवारक हिलिहाङ सडक | पाँचथर निर्माण सेवा | ७५४७५० | ७५४७५ | ६०००० | १५४७५ |
| १११-७४/२/९ | लामदुवाली नारायण मा.वि.सडक | फाईभ विल्डर्स एण्ड इक्वीमेन्ट | ६५०००० | ६५००० | ५०००० | १५००० |
| ४२-७४/१२/४ | वडा न. १देखि ८ सडक | पाँचथर निर्माण सेवा | २४४५५०० | २४४५५० | २००००० | ४४५५० |
| २१८-०७५/०३/२५ | वडा न. ६ खेल मैदान | हिमाल कन्ट्रक्सन | ३३२०००० | ३३२००० | २००००० | १३२००० |
| | | | | | **जम्मा** | **७८८३०७/-** |

| दफा नं. | लेखापरक्षिणवाट देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|
| ४९ | **दर विश्लेषण तथा नर्म्सको प्रयोग** नेपाल सरकार निर्माण कार्यको नर्म्स अनुसार विभिन्न प्रकारका माटो कटाई सम्बन्धि फरक फरक प्रकारका नर्म्स हरु रहेका छन् । पालिकाका अधिकांस वाटो निर्माण कार्यको दररेट विश्लेषणमा नरम माटो को नर्म्स प्रयोग नगरी कडा माटो तथा कडा चट्टानको नर्म्स प्रयोग गरि सोहि अनुसार लागत अनुमान, सम्झौता तथा भूक्तानी गरेको पाईयो । तसर्थ साईटको अवस्थाका आधारमा यथार्तपरक नर्म्स प्रयोग गरी दररेट विश्लेषण गर्नु पर्दछ । | |
| ५० | **डोजर बहाल:**सार्वजनिक खरिद नियमावली २०६५ को नियम ९७ (९)उपभोक्ता समिति वा लाभग्राहि वाट सञ्चालित हुने निमार्ण कार्यमा ,सोहि नियमको स्पस्टीकरण खण्डको अबस्थामा बाहेक हेभी मेशिन उपकरणहरु प्रयोग गर्न नपाईने व्यबस्था रहेको छातर गाँउपालिका विभिन्न मोटर वाटो निर्माण तथा खेल मैदान निमार्ण आयोजनाहरुमा उपभोक्त समिति मार्फत कार्य गराउदा एक्साभेटरको प्रयोग गरी वहाल वापत रु.४,१६,६०,४५०।- भुक्तानी भएको छ । बिशेष अबस्थामा लागत अनुमान तयार गदा नै हेभि मेशिन प्रयोग गर्नु पर्ने प्राबिधिकको शिफारिसका आधारमा मात्र प्रयोग गर्न सक्ने व्यबस्था भएता पनि उपभोक्ता समिति मार्फत संचालन भएका अधिकांस योजनाहरुमा ऐन नियमावली को व्यबस्था विपरित हेभि उपकरण प्रयोग भएको पाईयो । तसर्थ ऐन नियमावलीको व्यबस्थाको बमोजिम उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउनु पर्दछ । | |
| ५१ | जिल्ला दररेट समिति पाँचथरको स्वीकृत जिल्ला दररेट २०७४।०७५ अनुसार मेशिन द्धारा पहिरो हटाउने कार्य प्रति घन मिटर रु ५५ तोकिएकोमा गाउँपालिका वाट फलैचा ४ धिमाले तिम्बूपोखरी वाटो निर्माण उपभोक्ता समितिलाई वाटो निमार्ण तथा पहिरो हटाउने कार्य वापत भूक्तानी गर्दा ३५५७ घन मिटर परिमाणको पहिरो हटाउने कार्यको समेत माटो खन्ने दर वाट नै भुक्तानी गरेको पाईएकोले बढि दरवाट भूक्तानी भएको असुल गर्नु पर्ने देखिएको रु | २,७१,७६१/- |

| माटोको परिमाण(घ.मी.) | भूक्तानी भएको दर | हुनुपर्ने दर | बढि दर | बढि भूक्तानी |
|---|---|---|---|---|
| १७७८.५ | १०० | ५५ | ४५ | ८००३२ |
| १०६७ | १३६ | ५५ | ८१ | ८६४२७ |
| ७११.५ | २०३ | ५५ | १४८ | १०५३०२ |
| **३५५७** | | | **जम्मा** | **२७१७६१/-** |

| दफा नं. | लेखापरक्षिणवाट देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|
| ५२ | वडा नं.२ ले पूँजीगत शिर्षकबाट सिद्धेश्वर स्वरुप विवेकानन्द आश्रम संस्कृत पाठशाला नाम्रेकलाई शिक्षकको तलववापत रु. ९०००।- र सिंहकाली आधारभूत विद्यालयलाई तलव भूक्तानी वापत रु.२०००००।- गरी रु.२९००००।- अनुदान दिएको पाइयो । पूँजीगत शिर्षकबाट चालुखर्च भुक्तानी | २,९०,०००/- |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरक्षिणवाट देखिएका व्यहोरा</th><th>रकम रु.</th></tr>
<tr><td></td><td>गर्नु नियमसम्मत नदेखिएको रु...</td><td></td></tr>
<tr><td>५३</td><td>सवारी साधन खरिद :-गाउँपालिकाले यस वर्ष सवारी साधन खरिदमा रु.६२ लाख वजेट विनियोजन गरेकोमारु.३६३०००0।- मूल्यको हलुका सवारी साधन र रु.१८६००००।- को ८ वटा मोटरसाइकल गरी जम्मा रु.५४,९०,०००।- को सवारी साधान खरिद गरेको छ । गाउँपालिकाको दैनिक कार्यसञ्चालनको लागि पदाधिकारी तथा कर्मचारीको प्रयोगको लागि उक्त सवारी साधन खरिद गरिएको गाउँपालिकाले जनाएको छ । यसरी एकै वर्षमा ठूलो धनराशी सवारी साधनमा खर्च गर्दा गाउँपालिको सार्वजनिक निर्माणमा असर पर्ने हुँदा यस्ता प्रकृतिका खर्चमा मितव्ययीता अपनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५४</td><td>वित्तीय जवाफदेहिता : : कार्यालयले विभिन्न ऐन, कानून एवं कार्यविधिमा भएको व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यवस्थापकीय, वित्तीय व्यवस्थापन, सेवा प्रवाहको अवस्था र खरिद व्यवस्थापन पक्षसँग सम्बन्धित विभिन्न २० सूचकको आधारमा यस कार्यालयको वित्तीय जवाफदेहिता मूल्याङ्कनबाट कार्यालयको वित्तीय जवाफदेहिताको स्तरले "C" ग्रेडिङ्ग प्राप्त गरेको छ । वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५५</td><td>बेरुजू :-पालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने रु ११ लाख ११ हजार, नियमित गर्नुपर्ने रु १८ लाख ८३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु २२लाख ५१हजार र पेश्की रु ४लाख ७९ हजार गरी जम्मा रु ५७ लाख २४ हजार बेरुजु रहेको छ । गाउँपालिकावाट प्रतिक्रिया प्राप्त नभएकोले प्रारम्भिक प्रतिवेदनको रु ५७ लाख २४ हजार बेरुजू कायम भएको छ ।</td><td></td></tr>
<tr><td>५६</td><td>अनुगमन तथा मूल्याङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :
<table>
<tr><th>गत वर्षको बेरुजु रकम (रु.) (A)</th><th>यो वर्ष फछ्र्यौट (B)</th><th>बाँकी (C= A-B)</th></tr>
<tr><td>३४८६१०६.००</td><td>००</td><td>३४८६१०६.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>५७</td><td>अद्यावधिक बेरुजु स्थिति : यस गाँउपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :
<table>
<tr><th>गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C)</th><th>यो वर्षको सं प.बाट कायम बेरुजु रु. (D)</th><th>यो वर्षको कायम बेरुजु रु. (E)</th><th>बाँकी (F= C+D+E)</th></tr>
<tr><td>३४८६१०६.००</td><td>००</td><td>५७२३६८६</td><td>९२०९७९२/-</td></tr>
<tr><td colspan="4">बाँकी वेरुजू फछ्र्यौट गर्नेतर्फ गाँउपालिकाले पहल गर्नुपर्दछ ।</td></tr>
</table></td><td></td></tr>
</table>

**प्रदेश नम्बर :- .१**
**अनुसूची– १**
**याङवरक गाउँपालिका, पाँचथर**

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## आर्थिक वर्ष २०७४।७५

(रु.हजारमा)

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | पाँचथर | याङवरक गाउँपालिका | ५० | २३ | ५७२४ | ० | ० | ० | ५० | २३ | ५७२४ | ११११ | १८८३ | २२५१ | ० | ० | ४१३४ | ४७० | ९ | ४७९ |

**अनुसूची- २**

## स्थानीय तह सञ्चित कोष विवरण
## आर्थिक वर्ष २०७४।७५

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत वर्षको जिम्मेवारी | आय | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | याङवरक गाउँपालिका | पाँचथर | ५९६० | १५५१७३ | १०२३३३ | ३३३३१ | २९०८३७ | १२८९६४ | ११७१९५ | ३३३०२ | २७९४६१ | १७३३६ |